जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - २२६ | २०८३ भाद्र १६ गते मंगलबार | Tuesday, 1 Oct 2026 | मूल्य ७ /-



## नेपालमा हिमताल विस्फोट, बाढी र भविष्यका चुनौतीहरु

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**गंगा ट्राभल्स एण्ड टुर्स**

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

CASH BACK OFFER
RS. 100 -5000
9842645136

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

# लागुऔषध न्यूनिकरण गर्न दमकमा बृहत अन्तरक्रिया

विमल लामिछाने

**दमक**/ झापामा लागुऔषध प्रयोगकर्ता र कारोबारीको संख्या बढ्दै गएको छ। दमकमा मात्रै २२ सय भन्दा वढी लागुऔषध प्रयोगकता रहेको तथ्यांक छ। भारतसँग १४४ किलोमिटर खुला सीमा भएको झापामा दैनिकजसो लागुऔषध कारोबारी पक्राउ परिरहेका छन्। झापाका काँकडभिट्टा, चन्द्रगढी, भद्रपुर, बिर्तामोड, दमकजस्ता ठूला सहरमा लागुऔषध प्रयोगकर्ता र कारोबारीको संख्या धेरै भएको प्रहरीको तथ्यांक छ।

यसैविच जिल्ला प्रहरी कार्यालय झापाले दमक नगरपालिकाको सम्वन्वयमा लागू औषध न्यूनिकरण गर्ने अभियान अन्तरगत दमकका विद्यालयहरुलाई सचेतनामूलक पोष्टर वितरण गर्नुकासाथै बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

सोमबार दमक नपाको सभाहलमा नीजि विद्यालयका प्रतिनिधी तथा प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरेको हो। अन्तरक्रियामा बोल्ने अधिकांश बक्ताहरुले दमकमा लागुऔषध प्रयोगकर्ता बढिरहेको बताएका छन्।

झापा जिल्लामा लागू औषध प्रयोगकर्ता र कारोबार दैनिक बढिरहेकाले अभियान नै सञ्चालन गरेर नियन्त्रणमा लाग्नु परेको झापाका प्रमुख प्रहरी उपरीक्षक बसुन्धरा खड्काले बताइन्। अभियानका बारेमा बताउँदै प्रहरी प्रमुख खड्काले समुदायलाई समेत साथमा लिएर विभिन्न तरिकाबाट आगूऔषध नियन्त्रणको काम भइरहेको भएपनि प्रहरीबाटमात्रै लागुऔषध नियन्त्रण गर्न नसकिने बताइन्। जोखिममा रहेका युवा र विद्यार्थी लक्षित जनचेतना र परामर्शको काम गरी उनीहरुको व्यवहार परिवर्तन गराउने योजनाकासाथ प्रहरी लागिपरेको बताइन्। उनले प्रारम्भिक पहिचान, परामर्श, सुधार केन्द्रसंग समन्वय, उपचारमा प्रभावकारिता र समाजमा पुर्नस्थापना आवश्यक रहेको बताइन्।

कार्यक्रमा दमक नगरपालिका प्रमुख रामकुमार थापाले दमकमा लागुऔषध नियन्त्रण गर्न विभिन्न उपाय अपनाइए पनि नियन्त्रण गर्न नसकिएको बताए। उनले भने-'हरपल सचेतना गरिरहेका छौं, तर, स्थिति नियन्त्रणबाहिर छ, सबैको साथ र सहयोगविना नियन्त्रण सम्भव छैन।' मेयर थापाले सचेत नागरिकहरुबाट

**कुलतमा फस्ने अधिकांश विद्यार्थी र बालबालिका**



पटक पटक विद्यालय क्षेत्रमा सूर्तीजन्य पदार्थ र मदिरा, गुट्खाजस्ता पदार्थ विक्रिवितरण भइरहेको र यसलाई नियन्त्रण गर्न नगरपालिकामा सुझाव आइरहेकोले अब सम्बन्धित क्षेत्रका विद्यालय र विद्यार्थीहरुमार्फत नै विक्रि वितरण बन्द गराउने अभियान चलाउनुको विकल्लप नभएको बताए। उनले भने-'नगरले विद्यालय आसपासमा सूर्ती र मदिराजन्य सामग्री विक्रि वितरण गर्न यसअघि पनि पहल गरेको हो तर, भोट विग्रिने आसयमा दलका स्थानीय नेताहरुनै लचिलो भइदिँदा हामी असफल भयौं, अब नगरले कडाई गर्छ। नगर बनाउने हाम्रो अभियान अघि बढ्छ, चाहे भोट विग्रिए विग्रियोस्। उनले भने।

मेयर थापाको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा उपप्रमुख रेगिना भट्टराई प्रसाईंले दमकमा भइरहेको लागुऔषधको लतमा कलिला बालबालिका समेत फसिरहेको कहालीलाग्दो अवस्थाको उजागर गरिन्। उनले भनिन्- 'बडो दुःख लागेर आउँछ, कलिला पढ्ने उमेरका बालिकाहरु फसिरहेका छन्, कयौं सुधारगृहमा पठाइएका छन्। उदाहरणमा भन्नुपर्दा एउटी बालिकाले लागेको लत

बाँकी ४ पेजमा ▸▸

# विद्यार्थीको शैक्षिक उन्नतिमा ध्यान दिन्छौं

**- गिता तिम्सिना,** *नवनियुक्त सामाजिक विकास मन्त्री*

दमक/कोशी प्रदेशका सामाजिक विकास मन्त्री गिता तिम्सिनाले विकासको पहिलो प्राथमिकताको विन्दु विद्यालय भएको बताएकी छन्। उनले विद्यालयको भौतिक र शैक्षिक सुधारविना विकासको अरु कल्पना गर्न नसकिने बताएकी हुन्।

मन्त्री तिम्सिनाले सोमबार झापाको दमक-९ स्थित सरस्वती माविको निरिक्षण गर्दै कोशी प्रदेशका विद्यालयको भौतिक विकास र विद्यार्थीको शैक्षिक उन्नतीमा आफू प्रतिवद्ध रहेको बताएकी छन्। उनले अहिले देशले बाढी र पहिरोले डुवानमा परि ठूलो धनजनको क्षति र अकल्पनिय मानविय क्षतिको पिडामा रहेको भन्दै सबैले आफ्नो ठाउँबाट सक्दो सहयोग गर्न आग्रह गरिन्।

उनले दमकको सरस्वती माविमा यसअघि पनि प्रदेश सरकारले आवश्यक योजना र



सहयोग गर्दै आएको र अबपनि विद्यालयको भौतिक विकासमा कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय संस्थागत योजनाकासाथ कार्य सम्पादन गर्न प्रतिबद्ध रहने आश्वासन दिएकी छन्।

मन्त्री तिम्सिनालाई दमक नगरपालिका प्रमुख रामकुमार थापा, उपप्रमुख रेगिना भट्टराई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रेवतराज पुरी लगायतले स्वागत गरेका थिए।

सरस्वती माविमा प्राविधिक धार तर्फ कक्षा ९ देखि १२ सम्म कम्प्युटर ईन्जिनियरिङ र विशेष शिक्षाका रुपमा अटिजम भएका बालबालिकाहरुका लागि विशेष शिक्षा समेत संचालन हुँदै आएको छ।

यस विद्यालयमा अटिजम भएका ५९ जना बालबालिकालाई आधारभूत शिक्षा दिइँदै आएको अटिजम सिकाइ केन्द्रकी संयोजक सरिता ओझा बरालले जानकारी दिइन्। उनका अनुसार एउटा कक्षामा २ जना शिक्षिकाले समय दिँदै आएको र यो पर्याप्त नभएको बताइन्। यसतर्फ अझै प्राविधिक र शैक्षिक संरचना र आवश्यक उपकरणको समेत अभाव देखिएको उनले बताइन्।

# दमकमा श्रीकृष्ण रथयात्राः बाढीपीडितलाई सहयोग गरिने

**दमक/** रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएपछि यस वर्षको दमकको श्रीकृष्ण रथयात्राको कार्यतालिका प्रभावित भएको छ । बाढीपहिरोका कारण दमकको रथयात्राको कार्यक्रम तथा तयारीमा फेरबदल गरिएको छ । विगतका वर्षमा धार्मिक उत्सवका रूपमा आयोजना हुँदै आएको रथयात्रालाई यसपटक विपत्तिमा परेका नागरिकप्रति सद्भाव र सहयोग व्यक्त गर्ने अवसरका रूपमा अघि बढाइने भएको छ । रथयात्रा व्यवस्थापन समितिका अध्यक्ष रोहित आचार्यले यस वर्षको श्रीकृष्ण रथयात्रा केवल धार्मिक उत्सव नभई विपत्तिमा परेका नेपालीको शान्ति, स्वास्थ्य, सकुशल उद्धार र राष्ट्रको सुरक्षाका लागि सामूहिक प्रार्थनाको यात्रा हुने बताए । उनका अनुसार रथयात्राका क्रममा संकलन हुने सम्पूर्ण दान तथा भेटी रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ । 'श्रीकृष्णको रथसँगै सहयोगको हात बढाऔँ' भन्ने सन्देशसहित आयोजना हुने रथयात्राले विपत्तिको समयमा धार्मिक समुदायको सामाजिक जिम्मेवारीसमेत उजागर गर्ने अपेक्षा गरिएको छ ।

## बाढीपीडितलाई ३१ लाख सहयोग

*__दमक/__ दमक नगरपालिकाले बाढीपीडितको राहतका लागि झापामै हालसम्मको सबैभन्दा बढी ३१ लाख रूपियाँ सहयोग गर्ने निर्णय गरेको छ । नगर कार्यपालिकाको आपत्कालीन बैठकले उक्त रकम प्रधानमन्त्री राहत कोषमा उपलब्ध गराउने निर्णय गरेको हो । नगरप्रमुख रामकुमार थापाका अनुसार उक्त राहत रकमका लागि जनप्रतिनिधि, कर्मचारी र शिक्षकले योगदान गर्ने छन् । नगरपालिकाको स्थानीय दैवीप्रकोप कोषमार्फत सहयोग गरिने जनाइएको छ ।*

# भोटेकोशी बाढीमा मृतकको संख्या ९ सय नाघ्यो

दमक/ रसुवामा आएको विनाशकारी बाढीका कारण हालसम्म ९०३ जनाको शव भेटिएको छ । राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको २०८३ भदौ १५ गते बिहान ९ बजेसम्मको अद्यावधिक विवरणअनुसार बाढीका कारण ठूलो मानवीय तथा भौतिक क्षति भएको छ ।

प्राधिकरणकाअनुसार बाढीले बगाएका शवहरु विभिन्न जिल्लाहरूमा फेला परेका छन् । जसअन्तर्गत चितवनमा २ सय ७२, नवलपरासी पूर्वमा २ सय ७, नवलपरासी पश्चिममा १ सय ५१, नुवाकोटमा ९५, गोरखामा ६२, धादिङमा ५५, तनहुँमा ३७ र रसुवामा २४ जनाको शव फेला परेको छ । फेला परेका शवहरूमध्ये केही मानव अङ्ग मात्र रहेको र पहिचान हुन नसकेका शवहरूलाई विभिन्न २१ वटा अस्पतालमा राखिएको प्राधिकरणले जनाएको छ ।

हालसम्म २ सय ६७ जना घाइते भएकोमा १ सय ५६ जना उपचारपछि घर फर्किसकेका छन् । बाँकी घाइतेहरूको उपचारका लागि प्रभावित क्षेत्रमा ६ वटा विशेष सर्जिकल मेडिकल टिम परिचालन गरिएको छ ।

## विपत्तिमा झापा गोल्डकपको १ लाख १ हजार सहयोग

**झापा**/ झापा गोल्डकपले भोटेकोसी बाढीबाट प्रभावित परिवारको राहतका लागि १ लाख १ हजार रुपैयाँ सहयोग गर्ने भएको छ।

झापा गोल्डकप सचिवालयको बिर्तामोडमा बसेको बैठकले बाढीबाट प्रभावित नागरिकको राहतका लागि गोल्डकपको कोषबाट उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो। बाढीका कारण ठूलो जनधनको क्षति हुनुका साथै कैयौं परिवार विस्थापित भएको अवस्थामा पीडितको राहतमा सहयोग पुऱ्याउने उद्देश्यले रकम उपलब्ध गराउने निर्णय गरिएको झापा गोल्डकपका अध्यक्ष केदार गिरील बताए।

उनका अनुसार देशकै प्रतिष्ठित फुटबल प्रतियोगिताका रूपमा स्थापित झापा गोल्डकपले खेलकुद गतिविधिसँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकतामा राख्दै आएको छ। विपत्तिका बेला बाढीपीडितका लागि गरिएको सहयोगलाई पनि गोल्डकपले सामाजिक उत्तरदायित्वकै निरन्तरताका रूपमा लिएको उनको भनाई छ।

उनले विपत्तिको समयमा गरिने सहयोग रकमको आकारभन्दा पीडितप्रतिको साथ र ऐक्यबद्धता महत्वपूर्ण हुने बताए। संकटमा परेका नागरिकको पीडामा साथ दिनु सबैको साझा दायित्व भएको उनको भनाइ छ।

## वैदेशिक रोजगार व्यवसायीको साढे चार लाख सहयोग

**बिर्तामोड/** वैदेशिक रोजगार व्यवसायी संघ झापाले भोटेकोसी बाढी प्रभावित परिवारका लागि ४ लाख ५१ हजार सहयोग उपलव्ध गराउने भएको छ ।

संघको बिर्तामोडस्थित कार्यालयमा बसेको बैठकले बाढी प्रभावित क्षेत्रमा राहत तथा पुर्नास्थापनाका लागि उक्त सहयोग दिने निर्णय भएको अध्यक्ष धनबहादुर पन्धाकले बताए ।

उनका अनुसार वैदेशिक रोजगार व्यवसायी संघ झापाले बाढी प्रभावितका लागि ४ लाख ५१ हजार रूपैयाँ प्रदान गर्ने भएको हो ।

भदौ १० गते भोटेकोसी नदीमा आएको विनाशकारी बाढी र पहिरोबाट ठुलो जनधनको क्षति भएपछि संस्थाले संस्थागत र व्यवसायीका तर्फबाट प्रधानमन्त्री राहत कोषमा सहयोग गरेको हो ।

विपदको समयमा प्रभावित नागरिकको उद्धार, उपचार तथा राहतका लागि कोषमा सहयोग गरेको संघका महासचिव निरकुमार पोखरेलले जानकारी दिए ।

## कृषि विकास बैंकको डेढ करोड नगद र सुन सुरक्षित

**दमक/** कृषि विकास बैंकको त्रिशूली ढुंगे शाखामा रहेको ठूलो परिमाणको नगद, सुन तथा महत्वपूर्ण कागजात सुरक्षित स्थानमा सारेको छ । प्रहरीका अनुसार शाखाबाट करिब १ करोड ५० लाख नगद र अनुमानित ५० करोड बराबरको सुन सुरक्षित रूपमा निकालिएको हो । बैंकमा रहेका महत्वपूर्ण कागजातसमेत सुरक्षित स्थानमा स्थानान्तरण गरिएको प्रहरीले जनाएको छ । बाढी तथा विपद्का कारण बैंकको शाखा जोखिममा परेपछि प्रहरी टोलीले निरन्तर प्रयास गर्दै बैंकभित्र रहेका नगद, सुन तथा महत्वपूर्ण कागजात सुरक्षित स्थानमा सार्ने काम गरेको थियो ।

## कारको ठक्करबाट भद्रपुरका मामा भान्जाको मृत्यु

**झापा** / भारतको बतासीमा कारको ठक्करबाट झापा, भद्रपुरका दुई युवकको ज्यान गएको छ। मृत्यु हुनेहरुमा भद्रपुर -५, सुन्दरबस्ती निवासी बर्ष २५ का भान्जा बिजय सहनी र मामा वर्ष ३१ का अशोक सहनी रहेका छन्। उनीहरु सवार मोटरसाइकललाई भारतीय कारले आइतवार ठक्कर दिएको थियो।

भान्जा बिजय सहनीले भदौ ११ गते आफ्नो जन्मदिन मनाएका थिए। फुर्सदको समयमा उनीहरु शनिवार सिलिगुडी घुम्न निस्किएका थिए। भद्रपुर -५, सुन्दरबस्ती घरबाट बिहान ७ बजेतिर उनीहरु मोटरसाइकलमा निस्किएका थिए। सिलिगुडी जानेक्रममा भारतको पश्चिम बंगालस्थित

बाँकी ४ पेजमा ▸▸

## प्रेस युनियन इलामको अध्यक्षमा घिमिरे

**इलाम**/ नेपाल प्रेस युनियन इलामको अध्यक्षमा गणेश घिमिरे निर्वाचित भएका छन्। आइतबार इलाम सदरमुकाममा सम्पन्न युनियनको दशौं जिल्ला अधिवेशनबाट घिमिरे निर्विरोध निर्वाचित भएको निर्वाचन समिति संयोजक अधिवक्ता उत्तम पौडेलले जानकारी दिए। निर्वाचन समिति संयोजक पौडेलका अनुसार अधिवेशनबाट घिमिरेको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्यसमिति निर्विरोध

बाँकी ४ पेजमा ▸▸

**सिलबन्दी दरभाउपत्र सम्बन्धि सुचना**

**सुचना प्रकाशित मिति : २०८३/०५/१०**

लाईफ लाईन अस्पताल प्रा.लि. दमक-५, झापाद्वारा शैक्षिक कार्यक्रम (Academic Building) संचालनार्थ निर्माणाधिन ५ तले स्टिल स्ट्रक्चर भननमा उच्च गुणस्तरका सुरक्षित समाग्रीहरू प्रयोग गरी आ.व. २०८३/०८४ मा आवश्यक पर्ने कलेज तर्फको स्टिल स्ट्रक्चर संरचना (PUF wall Panel Inner/Outer, Door, Window, Tiles, Granites, Sanitary & Electrical) (प्रस्तावनाको सि.न. १ देखी ३४ सम्मका कार्यहरू गर्न) निर्माण कार्यहरू सिलबन्दी दरभाउको माध्यमबाट गर्नुपर्ने भएकोले उक्त कार्य गर्न ईच्छुक कन्सल्टेन्सि, फर्म, तथा कम्पनीहरूले तपशिलका कागजातहरू संलग्न राखी मिति २०८३/५/२३ गते सम्ममा यस अस्पतालको प्रशासन शाखामा सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

**१. योग्यता मापदण्ड**

- क) **बैध व्यबसाय दर्ता प्रमाणपत्र** (Company Registration)
- ख) PAN\VAT **दर्ता प्रमाणपत्र**
- ग) **आ.व. २०८१/०८२ र २०८२/०८३ को करचुक्ता (आ.व. २०८२/०८३ को म्याद थप गरेको भए सो को प्रमाण) प्रमाणपत्र**
- घ) **कम्तीमा ३ बर्ष सम्बन्धित कार्य गरेको अनुभव कम्पनी ।**
- ड.) **सम्बन्धित विधाको दक्षता भएको ईन्जिनियर समावेश भएको टोली ।**

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापा
सम्पर्क : ०२३-५७५८०७

## सम्पादकीय

# उत्पादनसँगै बजार सुनिश्चित गरौं

नेपालको कृषि विकासको बहसमा एउटा आधारभूत प्रश्न सधैं उठ्नुपर्छ(कुन ठाउँमा के उत्पादन गर्ने र उत्पादित वस्तु कहाँ बेच्ने? किसानलाई बीउ र प्रविधि दिएर मात्र कृषि व्यावसायीकरण सम्भव हुँदैन । उत्पादनअघि नै बजारको सुनिश्चितता, उचित मूल्य र खरिदको विश्वसनीय व्यवस्था हुन सके मात्र किसानले कृषिलाई व्यवसायका रुपमा लिन सक्छन् । यस दृष्टिले भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले रायो र मूलाको उत्पादनसँगै बजार सुनिश्चित गर्न थालेको पहल अनुकरणीय छ ।

गाउँपालिकाले उन्नत जातको बीउ वितरण गर्ने, खेती प्रविधि तथा रोग(कीरा व्यवस्थापनमा प्राविधिक सहयोग गर्ने र सिद्धकाली एग्रो प्रालिसँग खरिद पूर्वसम्झौता गर्ने तयारी गरेको छ । सम्झौताअनुसार न्यूनतम समर्थन मूल्य निर्धारण गरी रायो र मूला ५००/५०० टन खरिद गर्ने योजना आफैँमा महत्वपूर्ण छ । यसले किसानलाई 'उत्पादन गरेपछि कहाँ बेच्ने?' भन्ने अन्योलबाट मुक्त गराउन सक्छ । अझ महत्वपूर्ण कुरा, उत्पादन सुरू गर्नुअघि नै बजार सुनिश्चित गरिनु हो । यस्तो अभ्यासले किसानको जोखिम घटाउँछ र व्यावसायिक खेतीप्रतिको आकर्षण बढाउँछ ।

तर यो पहल भोजपुरमा रायो र मूलामा मात्र सीमित रहनु हुँदैन । नेपालको भौगोलिक विविधता नै कृषि क्षेत्रको ठूलो सम्भावना हो । हिमाल, पहाड र तराईमा हावापानी, माटो र भूगोल फरक छन् । त्यसैले सबै ठाउँमा एउटै कृषि उत्पादनलाई प्राथमिकता दिनेभन्दा स्थानीय हावापानी र माटो सुहाउँदो उत्पादन पहिचान गरी त्यसको बजार विकास गर्नुपर्छ । कतै आलु, कतै अलैंची, चिया, अदुवा, फलफूल, तरकारी वा अन्य स्थानीय उत्पादनको सम्भावना हुन सक्छ । उत्पादनको सम्भावना र बजारको मागलाई जोडेर योजना बनाउनु आजको आवश्यकता हो ।

स्थानीय तहले किसानलाई उत्पादनका लागि अनुदान वा बीउ वितरण गर्ने परम्परागत भूमिकाबाट माथि उठ्नुपर्छ । बीउदेखि बजारसम्मको सम्पूर्ण मूल्य शृंखलामा सहजीकरण गर्नुपर्छ । उत्पादनको मात्रा, गुणस्तर, भण्डारण, प्रशोधन, ढुवानी र बिक्रीको व्यवस्था पनि योजनामै समेटिनुपर्छ । निजी क्षेत्र, सहकारी र स्थानीय सरकारबीचको सहकार्यले यस्तो प्रणालीलाई दिगो बनाउन सक्छ ।

टेम्केमैयुङको प्रयास सफल भए त्यसबाट भोजपुर मात्र होइन, देशका अन्य स्थानीय तहले पनि सिक्न सक्छन् । कृषि आत्मनिर्भरता नाराबाट होइन, किसानले उत्पादन गरेको वस्तुले उचित मूल्यमा बजार पाउने सुनिश्चितताबाट सम्भव हुन्छ । त्यसैले अबको कृषि नीति स्पष्ट हुनुपर्छ(हावापानी र माटोअनुसार उत्पादन, उत्पादनअनुसार बजार र बजारअनुसार किसानको सम्मानजनक आम्दानी । यही बाटोले कृषि क्षेत्रलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक र उद्यमशील अर्थतन्त्रको बलियो आधार बनाउन सक्छ ।

# नेपालमा हिमताल विस्फोट, बाढी र भविष्यका चुनौतीहरू



✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

गतवर्ष भदौ महिनाको २३ गते नेपालमा भएको जेन्जी विद्रोहले थिलथिलो पारेको नेपालको अर्थतन्त्रलाई दशौँ वर्ष पछाडि धकेली दिएको इतिहास र सन्दर्भलाई सम्झिँदा हिजो अस्ति २०८३ साल भदौ १० गते मात्र नेपालको उत्तर तिरको हिमाल पारी रहेका छिमेकी देश चिन तिब्बतको सिन्चियाङ प्रदेशमा रहेको न्यूरोङ सहरको एक किलोमिटर लम्बाइ भएको ग्लेसियर अर्थात् हिमताल विस्फोट भई ओभर्‍लो हुँदा नेपालतिर बग्ने भोटेकोशी नदीमा आइपुगेपछि बाढीको प्रचण्ड र डरलाग्दो रुप धारण गरी हुइकिएर नेपालको रसुवा जिल्लाको रसुवा नदीमा पुग्दा र दक्षिण दिशातिरको बाटोमा झर्दा दशौँ हजार मानिस बाढीको चपेटामा परी ज्यान गुमाउनु परेको अवस्था र सम्भावनालाई केलाउन थालिएको छ । नेपालकै इतिहासमा देखिने अकल्पनीय र सबैभन्दा ठूलो विपत्तिको रुपमा देखापर्ने यसपालिको नेपालको बाढीले नेपाललाई मात्र होइन विश्वलाई नै अत्यन्त दुखित र चिन्तित तुल्याइदिएको छ ।अहिलेसम्म ६२६ जना मृतकहरूको लासलाई पहिचान गर्नको लागि प्रशासनले सूचनाहरु जारी गरिसकेको छ । सरकारी तथ्यांकमा २४२६ जना भन्दा बढी मानिस हरु सम्पर्कविहीन अवस्थामा रहेका छन् । करिब चार हजार जति मानिसहरूलाई जीवितै उद्धार गरिएको छ । भोटेकोसी नदीको बाढीले त्रिशुली नदी सम्म आइपुग्दा बाढीको चरम भयावह विनाशकारी ध्वंस र बर्बादी जत्रतत्र देख्न सकिन्छ ।

त्रिशुली बजार पूर्णरुपमा ध्वस्त भइसकेको छ । नेपाल चीन बीचको केरुङ नाका चिन्न लायक छैन । मानिसहरु हराइरहेका छन् । नवलपरासी , धादिङ,रसुवा बजारका सबै घरहरु बगाइ सकिएको छ । बाढीमा ज्यान गुमाउनेहरु तथा बाढीबाट हराइरहने परिवारहरूको दु:ख दर्द र पीडालाई शब्दबाट व्यक्त गर्न कठिन छ । यतिखेर देश अत्यन्त नै कठिन अवस्थाबाट गुज्रिरहेको छ । नेपालका युवा प्रधानमन्त्री बालेन्द्र शाहले बाढी पीडितहरूको लागि राहत र सहयोग पुर्‍याइदिने माग गरिरहेका छन् । प्रधानमन्त्री राहत कोषमा देश र विदेशबाट अर्बौं रूपैयाँको आर्थिक सहयोग पुर्‍याइ सकेको अवस्था छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय समुदायबाट समेत आर्थिक सहयोगको माग गरेको हुनाले नेपालका बाढी पीडितहरूको लागि विश्वका ठूला मुलुक हरूबाट सहयोगको लागि आश्वासनहरु आइरहेको छ । नेपालका बाढी पीडितहरूको लागि सबभन्दा पहिला भारतका प्रधानमन्त्री, नरेन्द्र मोदी भारतका गृहमन्त्री अमित शाह विदेशमन्त्री एस जयंकरले तथा भारतीय जनता पार्टीका अध्यक्ष नितीन नवीनले समेत पहल र आश्वासन गरिरहेको अवस्थामा भारतबाट विभिन्न किसिमका राहत र उद्धार सामग्रीहरु आउने कार्यहरूको पनि थालनी भइसकेको छ । परि आएको बेलामा जस्तोसुकै सहयोग गर्न तयार रहेको भनेर भारतीय प्रधानमन्त्रीले आफ्ना समकक्षी नेपाली प्रधानमन्त्री लाई विश्वास दिलाउनु भएको छ ।

नेपालको बाढी पीडितहरूको लागि हरेक तरहले सहयोग पुर्‍याउने बाचा चीन सरकारले पनि गरेका छन् । बाढीको दुखद अवस्था बेहोरिरहेका बाढी पीडितहरूको उद्धार र सेवा कार्यमा अझ द्रुत गतिले नेपाली सेना र नेपाल प्रहरीले योगदान दिइरहेको छ । जुनसुकै र जस्तोसुकै मोर्चामा पनि नेपाल प्रहरी र नेपाली सेना देशको जनताको सेवा गर्न तत्पर छ भन्ने कुराको पुष्टि भइसकेको छ । २०७२ सालको भूकम्पको बेला जस्तै २०८३ सालको महाविनाशकारी बाढीको संकटापन्न अवस्थामा नेपाली सेना र नेपाल प्रहरीको पनि कठिन परीक्षाको घडी आएजस्तो छ । विश्वको सबैभन्दा अग्लो तिब्बतको पठारी क्षेत्रबाट नेपालको तल्लो दक्षिणी प्रदेशहरु हुँदै भारततिर बग्दै जाने त्रिशुली नदी जसलाई भारतीय क्षेत्रमा गण्डक नदी भनेर भनिन्छ त्यहाँसम्म पनि बाढीको त्रास चिन्ता र चासो बढेर गएको छ । त्रिशुली नदीसँग जोडिएका भारतका अन्य सबै नदीहरूका आसपासका बस्तीहरूलाई पूर्णरुपमा खाली गराइएको छ । नदी वरिपरिका क्षेत्रहरुमा भारतीय सेना र एनडीआरएफका सुरक्षा निकाय लगायतका अन्य सुरक्षा निकायहरूको बलियो प्रबन्ध मिलाइएको छ ।

अहिले नेपालतिरबाट बगेर जाने काठ पात लगायत मानिस र जनावरहरूका मृत शरीरहरु पनि भारतीय सेनाका बीएसएफका जवानहरूले नदीबाट निकालेर नेपाल सरकारलाई जिम्मा लगाउने कुराहरूको प्रबन्ध मिलाइरहेको अवस्था छ । केही मानिसहरूको लास समेत भेटिएकोले नेपालका सिमावर्ती भारतका बिहार राज्यका सुरक्षा संयन्त्र र प्रहरी प्रशासनहरु पनि अझ सतर्क भएर नदीहरुमा बगिरहने चिज वस्तुहरूको अनुगमन गरिरहेको छ । नेपालको रसुवा बजार बेत्रावती बजार, देवघाट त्रिशुली बजार पूर्णरुपमा ध्वस्त भइसकेको छ । आर्थिक गतिविधिका सबै सम्भावनाहरु त्यहाँ समाप्त भइसकेको जस्तो आभास हुन्छ । ती क्षेत्रहरूका बासिन्दाहरु कहाँ गए कुन अवस्थामा छन् भन्ने कुरासम्म पनि पत्ता लगाउन जनसाधारणमा अत्यन्त नै गाह्रो भइरहेको छ ।

चीनको हिमताल विस्फोट हुँदा नेपाल ध्वस्त हुने र भारत तहसनहस सक्ने अवस्थाले यस क्षेत्रको भौगोलिक अवस्था, भू जटिलताको अवस्था, अन्तर्देशीय राजनीतिको फरक फरक भूगोलको अवस्थालाई मात्र प्रस्ट्याउँदैन, यस्ता घटनाहरूले यस क्षेत्रकै एउटा दीर्घकालीन नदी नियन्त्रण गर्ने साझा नीति हरु बनाउनुपर्ने आवश्यकतालाई प्रस्ट्याउँदछ । विश्वकै सबैभन्दा बढी उचाइमा रहेको हिमताल विस्फोट हुन्छ र त्यसको पानी तिब्बतबाट बग्दै भोटेकोशी हुँदै त्रिशुली र गण्डक नदीमा प्रवेश गर्दछ र तीन तीन वटा देशमा त्यसले जनधनको अपार क्षति गराउन सक्छ भन्ने कुरालाई अहिलेसम्मको पुस्तालाई कुनै जानकारी थिएनन् होला तर यसपालिको बाढीले सबैको आँखा खोलिदिएको छ । चीन सरकारले अहिले पनि हिमताल फुट्ने खतरा टरेको छैन भनेर जानकारी गराइरहेको छ । हिमतालमा अझ ३० मिलियन क्युसेक पानी जम्मा भएर बसेको छ र त्यो पानी कुनै पनि बेला विस्फोट भएर दक्षिण दिशातिरको नदीहरुमा बगेर जान सक्छ भन्ने कुरालाई नेपाल सरकार तथा भारत सरकारलाई पनि जानकारी गराइरहेको अवस्था छ । अहिले चीनको तिब्बत र नेपालको रसुवालाई जोड्ने पुल ध्वस्त भइसकेको छ नेपालतिरको केरुङ बोर्डरमा रहेको चीनको भन्सार कार्यालय ध्वस्त भइसकेको छ ।सडक मार्ग सहज छैन ।

चीन एउटा अत्यन्तै नै शक्तिशाली कम्युनिस्ट मुलुक भएको हुनाले चीनले आफ्ना आर्थिक नोक्सानीहरूलाई सजिलै भरपाई गर्न सक्छ तर चीनकै कारणले नेपालमा भएको नोक्सानीलाई नेपाल सरकारले क्षतिपूर्ति गर्नु असम्भव छ यसको लागि अन्तर्राष्ट्रिय बहस नै चलाउनुपर्ने आवश्यकता लाई औल्याउन सकिन्छ । नेपालको सिमाना नजिकै रहेको तिब्बतमा ग्लेसियर फुटेर आधी घण्टाको अन्तरालमा साविक भन्दा नौ गुनाले पानी बढेको र करिब ९ मिटर उचाइमा पानी बेजोड गतिले नेपालतिर बगेर आउनु लाई सामान्य घटना मान्न सकिँदैन । चीन सरकारले ठीक समयमा जानकारी गराएको भए नेपाल पक्षतिर यति ठूलो महाविनाश हुने थिएनन् ।९ मिटर को उचाइमा नौ हजार एक सय अठासी फिटभन्दा माथिको उचाइबाट पानी नदीहरुमा झर्नुलाई नै अकल्पनीय अवस्था मान्न सकिन्छ । नेपालको राजधानी काठमाडौंको तराई जोड्ने सम्पर्क पुलहरू ध्वस्त भइसकेको छ । नेपालमा मुस्ताङ र मुक्तिनाथको यात्रामा निक्लेका स्वदेशी र विदेशी तीर्थयात्रीहरु बाढीको बिजोगमा परेर हराइरहेका छन् ।

विश्वका कैयौं देशका पर्यटकहरू बाढीमा हराइरहेको अवस्था छ । सरकारले माटोमुनि पुरिएका मानिसका लासहरु पत्ता लगाउन र निकाल्न कठिन भइरहेको छ । नागरिकहरुमा एकातिर अथाह वेदना र कष्ट छ, आफन्त गुमाएको पीडा छ भने सरकारप्रति आक्रोश पनि रहेको छ । राहत र उद्धारमा ढिलाई भइरहँदा पीडित पक्षहरु अझ पीडित भइरहेका छन् । त्रिशुली जलविद्युत परियोजना पूर्णरुपमा ध्वस्त भइसकेको छ । सबै बाढी पीडितहरूको उद्धार गर्न र बाढीबाट प्रभावित व्यक्तिहरु तथा मृतकहरूको सत्या र हराइरहेका मानिसहरूको सत्या यकिन गर्न हप्ता जति लाग्न सक्छ ।

सरकारले अहोरात्र खटेर काम गरी रहेको छ । विभिन्न मुलुकहरूबाट प्राप्त भएका वैदेशिक सहयोगहरूलाई उचित तरिकाबाट पीडित पक्षसम्म बितरण गर्नु पर्दछ तथा घरविहीन बन्न पुगेकाहरूको लागि घर निर्माण तथा उद्योग व्यापार र उत्पादन गुमाएका व्यवसायीहरुलाई पनि व्यवसाय सञ्चालन गर्न सरकारले हौसला प्रदान गर्न सक्नुपर्दछ । बिरामी र घाइतेहरूलाई उपचार र तथा बाढी प्रभावितहरुलाई अविलम्ब खानेकुराको प्रबन्ध सरकारले मिलाउनु पर्दछ । बाढीमा परेर ज्यान गुमाउनु पुगेकाहरूको आत्माले शान्ति पाउन तथा उनका परिवार र आफन्तजनहरूलाई धैर्य धारण गर्ने शक्ति भगवान पशुपतिनाथले प्रदान गरून् भनेर हार्दिक शोक र संवेदना व्यक्त गर्दछु ।

## सामाजिक सञ्जाल

# आत्मसम्मान र मर्यादाको उल्लंघन



✍ नारायण गाउँले

फलानोको 'नाङ्गो' तस्बीर छापिएको थियो भन्दै नाम र विवरणसहित तपाईंले आफ्नो फेसबुकमा दर्जन बढी पोस्ट र कमेन्ट गर्नुभएको छ भने यो पनि व्यक्तिको निजत्व, आत्मसम्मान र मर्यादाको उल्लङ्घन नै हो ।

पत्रिकामा एकपल्ट छापिएको थियो होला, तर तपाईंले त जिन्दगीभर छापिरहने देखियो ! पढ्नुस् त कतिपल्ट कसैको नाम र नाङ्गो शब्द जोडेर लेख्नुभएको छ ! त्यो पनि आफ्नो तर्क या स्वार्थलाई बलियो बनाउन गर्नुभएको छ भने त यो झन् निन्दनीय कृत्य हो ।

छापिनु एउटा गैरव्यावसायिक, दुर्भाग्यपूर्ण र गलत घटना थियो तर सहानुभूति या दया देखाएजस्तो गरी कसैको नाम र नाङ्गोपनलाई समानार्थी जस्तै बनाएर बारम्बार उछालिरहनु पनि हिंसा नै हो ।

न्यायिक निरुपण भइसकेको विषय भए त्यसलाई सोही रुपमा स्वीकार गर्नु या नभएको भए कानुनी उपचारको बाटो खोज्ने नागरिक हक र कर्तव्य तपाईंको पनि त होला ! न्यायका लागि लड्ने कि, आफ्नो स्वार्थका लागि त्यसलाई साधनका रुपमा प्रयोग गरिरहने ? फलानो कलाकारले यति थोरै सहयोग गर्‍यो, उसले त्यति मात्रै गर्‍यो" भनेर गाली गर्ने समय होइन यो ।

# सहयोग भनेको ठूलोसानो हुँदैन



एलिना चौहान

यो सहयोग भनेको ठूलोसानो हुँदैन, मन ठूलो हुनुपर्छ ।

कसैको क्षमता लाखौँको होला, कसैको हजारौँको होला, कसैले श्रमले सहयोग गर्ला, कसैले आवाज उठाएर । जसको जति क्षमता छ, उसले त्यति नै गर्छ।हो, अहिले देखावटी र नाटक गर्ने जमाना पनि छ। तर त्यसको हिसाबकिताब गर्दै बस्ने बेला होइन । कसैले साँचो मनले गरेको सानो सहयोग पनि कसैको जीवनमा ठूलो बन्न सक्छ ।

सक्नुहुन्छ भने सहयोग गरौँ ।

सक्नुहुन्न भने कम्तीमा भुक्न छोडौँ ।

अरुले कति गर्‍यो भनेर औँला उठाउनुभन्दा आफूले कति गर्न सकिन्छ, त्यो सोचौँ । मैले जति गरेँ, मनबाट गरेँ। आफ्नो औकात र क्षमताअनुसार गरेँ।कसैलाई देखाउन, ठूलो बन्न वा वाहवाही पाउनका लागि गरेको होइन। कस्तो जमाना आयो है... सहयोग गर्दा पनि गाली खानुपर्ने !

# खोटाङमा गोलिया काठको व्यापार



खोटाङ । साप्सुखोलाको बगरमा यतिबेला उत्तिसका गोलिया काठका मुडा मात्र छैनन्, खोटाङको वन संरक्षण र काठ व्यापारबीचको पुरानो द्वन्द्व पनि देखिन्छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-९ निर्मलीडाँडा र साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडाको सीमामा तीन दिन लगाएर डिभिजन वन कार्यालयले बरामद गरेको चार ट्रक उत्तिसको काठले जिल्लामा मौलाउँदै गएको अवैध काठ निकासीको प्रश्न फेरि सतहमा ल्याएको छ ।

स्थानीयले दिएको सूचनाका आधारमा वन कार्यालय पुगेपछि साप्सुखोलामा काठका मुडा खोलाबाट निकालेर बगरमा थुपारिएको र कतिपय खोलामै छरपस्ट अवस्थामा भेटिए । मध्यपहाडी लोकमार्गको मोटरेबल पुल आसपाससम्म काठ जम्मा गरिएको थियो । प्रारम्भिक अनुसन्धानमा बिना अनुमति रूख कटान गरी बिक्री तथा निकासीको तयारी गरिएको खुलेपछि काठ नियन्त्रणमा लिइएको डिभिजन वन प्रमुख राजन राई बताउँछन् । घटनाबारे छानबिन गर्न समिति गठन गरिएको छ ।

तर, यो घटना चार ट्रक काठमा मात्र सीमित छैन । यसको पछाडि खोटाङको वन र स्थानीय अर्थतन्त्रसँग जोडिएको लामो कथा छ ।

डिभिजन वन कार्यालय खोटाङका अनुसार जिल्लाको कुल १ लाख ५४ हजार २० हेक्टर क्षेत्रफलमध्ये ८० हजार ९२९ हेक्टर अर्थात् करिब ५२.५ प्रतिशत भूभाग वन क्षेत्र हो । त्यसमध्ये ४८ हजार ६८५.५ हेक्टर सामुदायिक वन, ८८४.६५ हेक्टर कबुलियती वन र ३१ हजार ३८५.८५ हेक्टर राष्ट्रिय वन रहेको छ ।

अर्थात्, खोटाङमा वन केवल पहाड ढाक्ने हरियाली होइन; हजारौँ घरपरिवार, स्थानीय उपभोक्ता समूह र ग्रामीण अर्थतन्त्रसँग जोडिएको ठूलो प्राकृतिक सम्पत्ति हो ।

नेपालको वन संरक्षणको इतिहास हेर्दा पनि आजको अवस्था एकैदिन बनेको होइन । राणाकालदेखि नै वन स्रोत राज्यको आम्दानी र स्थानीय जीविकाको आधार रहँदै आएको थियो । २०४६ सालपछिको वन नीतिगत परिवर्तन र विशेषगरी सामुदायिक वन हस्तान्तरणको अभ्यासले स्थानीय समुदायलाई वन व्यवस्थापनमा महत्वपूर्ण भूमिका दियो । यही प्रक्रियाको परिणामस्वरुप नेपालमा सामुदायिक वन विश्वमै समुदायमा आधारित वन व्यवस्थापनको उदाहरणका रुपमा चर्चित बन्न पुग्यो ।

तर वन क्षेत्र बढेको तथ्यांकले मात्र वन सुरक्षित छ भन्ने ग्यारेन्टी गर्दैन । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पछिल्लो राष्ट्रिय भू(आवरण अध्ययनअनुसार सन् २०२२ मा नेपालमा वनले ४३.३८ प्रतिशत भूभाग ढाकेको थियो । वन र अन्य काष्ठयुक्त क्षेत्र जोड्दा यो हिस्सा ४६.०८ प्रतिशत पुगेको थियो । सन् २०१९ को तुलनामा वन तथा अन्य काष्ठयुक्त क्षेत्र ०.७५ प्रतिशतले बढेको देखिन्छ ।

यही सकारात्मक तथ्यांकको अर्को पाटो भने वनको गुणस्तर, प्रजातिगत विविधता र अवैध कटानी हो ।

खोटाङमा उत्तिस, मलातो, पात्ले, चिलाउनेलगायतका रूख ग्रामीण क्षेत्रबाट संकलन गरी गोलिया बनाएर बाहिर पठाउने क्रम बढेको स्थानीयको भनाइ छ । व्यवसायीले कतिपय अवस्थामा जग्गाधनीबाट सस्तो मूल्यमा सिङ्गो रूख खरिद गर्ने, कटान गर्ने र तराईका जिल्लामा बिक्री गर्ने गरेको बताइन्छ । निजी जग्गाको रूखमा समेत व्यावसायिक निकासीका लागि सम्बन्धित वन कार्यालयको अनुमति आवश्यक पर्ने व्यवस्था छ ।

सार्वजनिक वा सामुदायिक वनका रूख अनधिकृत रुपमा काटिएको प्रमाणित भएमा वन ऐन, २०७६ अनुसार १० हजार रूपैयाँसम्म जरिवाना र छ महिनासम्म कैद हुने व्यवस्था छ । तर प्रश्न कानुनमा सजाय कति छ भन्ने मात्र होइन(कानुन कार्यान्वयन कति प्रभावकारी छ भन्ने पनि हो ।

साप्सुखोलामा बरामद चार ट्रक काठ त्यसैले एउटा घटनाको प्रमाण मात्र होइन । यो पहाडी गाउँमा सस्तोमा खरिद हुने रूख, श्रम गरेर काटिने वन, खोलाबाट बगाइने गोलिया र अन्ततः तराईको बजारसम्म पुग्ने काठको लामो आपूर्ति शृंखलाको एउटा झलक हो ।

नेपालको वन क्षेत्रको तथ्यांक सुधारोन्मुख देखिए पनि प्रत्येक अवैध कटानले स्थानीय पारिस्थितिक प्रणाली, पानीका मुहान, माटो संरक्षण र सामुदायिक वन व्यवस्थापनमाथि दबाब थप्छ । त्यसैले साप्सुखोलाबाट बरामद भएका चार ट्रक काठको वास्तविक मूल्य बजारमा कति पर्छ भन्नेभन्दा ठूलो प्रश्न त्यसको बदलामा वनले कति गुमायो? भन्ने हो ।

अब साप्सुखोलाको काठ कहाँबाट काटियो, कसले काट्यो, कसरी खोलासम्म ल्याइयो र निकासीको तयारी कसरी भयो भन्ने प्रश्नको निष्पक्ष छानबिन आवश्यक छ । किनकि चार ट्रक काठ रोकिएर मात्र अवैध काठको बाटो रोकिँदैन; त्यसका पछाडि रहेको सम्पूर्ण कारोबारको जालो पहिचान गर्न सके मात्र खोटाङको वन र वनमा निर्भर समुदाय दुवै सुरक्षित रहन सक्छन् ।

# बाढीपीडितका लागि विश्वविद्यालयको ११ करोडभन्दा बढी सहयोग



दमक । भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि नेपालका विश्वविद्यालयहरूले ११ करोड रूपैयाँभन्दा बढी सहयोग गर्ने भएका छन् । पछिल्लो दुई दिनमा सार्वजनिक विवरणअनुसार त्रिभुवन विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र पोखरा विश्वविद्यालयले गरी कुल ११ करोड १३ लाख २ हजार २ सय रूपैयाँ सहयोग गर्ने निर्णय गरेका हुन् ।

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो जनधनको क्षति पुऱ्याएको थियो । विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउन विश्वविद्यालयहरूले पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिकबाट निश्चित रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेका छन् ।

मुलुककै ठूलो र पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले सबैभन्दा बढी ९ करोड ४८ लाख २ हजार १ सय ९० रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । त्रिवि कार्यकारी परिषद्को भदौ १२ गतेको निर्णयअनुसार उपकुलपति, रेक्टर, रजिस्ट्रारलगायत पदाधिकारीको एक महिनाको तलब तथा विभिन्न तहका शिक्षक र कर्मचारीको दुईदेखि १० दिनसम्मको तलब कट्टा गरिनेछ । उक्त रकम भदौ महिनाको तलबबाट कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला गरिने त्रिविले जनाएको छ ।

त्यसैगरी सुदूरपश्चिम विश्वविद्यालयले करिब ८८ लाख रूपैयाँ सहयोग गर्ने भएको छ । विश्वविद्यालयको भदौ १३ गते बसेको कार्यकारी परिषद् बैठकले पदाधिकारी, शिक्षक तथा कर्मचारीको तहअनुसार दुई दिनदेखि एक महिनासम्मको तलब बराबर रकम कट्टा गर्ने निर्णय गरेको हो ।

पोखरा विश्वविद्यालयले पनि बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकका लागि ७७ लाख रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । विश्वविद्यालयले पदाधिकारी, शिक्षक तथा कर्मचारीको तहअनुसार दुईदेखि १० दिनसम्मको तलब कट्टा गर्ने व्यवस्था गरेको छ । यसमा विगतमा संकलन भए पनि खातासम्बन्धी समस्याका कारण राहत कोषमा जम्मा हुन नसकेको रकमसमेत समावेश गरिएको विश्वविद्यालयले जनाएको छ ।

विपद्को समयमा शैक्षिक संस्थाले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आर्थिक सहयोग जुटाउनु सकारात्मक पक्ष हो । विश्वविद्यालय केवल ज्ञान उत्पादन गर्ने संस्था मात्र नभई समाजप्रतिको उत्तरदायित्व वहन गर्ने संस्था पनि हुन् । बाढीपीडितका लागि गरिएको यो सहयोगले संकटका बेला राज्यका विभिन्न निकायबीच सहकार्य र मानवीय संवेदनाको महत्वसमेत उजागर गरेको छ ।

अब सरकारले प्राप्त हुने सहयोगलाई पारदर्शी र प्रभावकारी रूपमा परिचालन गरी वास्तविक पीडितसम्म पुऱ्याउनुपर्छ । राहतसँगै प्रभावित क्षेत्रको पुनर्निर्माण र पुनर्स्थापनालाई प्राथमिकता दिन सके विश्वविद्यालयहरूको यो योगदान अझ सार्थक बन्नेछ ।

# तीन जिल्लाका २३ विद्यालयमा क्षति




दमक । भोटेकोसी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट र धादिङका २३ विद्यालयमा क्षति पुगेको छ । शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार ती विद्यालयमा अध्ययनरत करिब ६ हजार ९ सय विद्यार्थी प्रभावित भएका छन् । प्रारम्भिक विवरणअनुसार रसुवाका ७, नुवाकोटका ८ र धादिङका ८ विद्यालयमा क्षति पुगेको हो । क्षतिग्रस्तमध्ये ८ विद्यालय पूर्ण रूपमा, ८ विद्यालयमा ठूलो क्षति र बाँकीमा तुलनात्मक रूपमा कम क्षति पुगेको मन्त्रालयले जनाएको छ । विवरण अझै प्रमाणीकरणको क्रममा छ ।

बाढीपहिरोका कारण विद्यार्थी, शिक्षक तथा कर्मचारीसमेत प्रभावित भएका छन् । प्रारम्भिक सूचनाअनुसार करिब २४१ जना विद्यार्थी, शिक्षक तथा कर्मचारी सम्पर्कविहीन वा हराइरहेका छन् । सञ्चार तथा यातायात अवरूद्ध भएकाले संख्या यकिन भइसकेको छैन । मन्त्रालयले तत्काल विद्यालय सञ्चालनभन्दा उद्धार, राहत र प्रभावितको जीवनरक्षालाई प्राथमिकता दिएको जनाएको छ । बाढीको त्रासका कारण बालबालिका मानसिक आघातमा रहेकाले उनीहरूलाई सामान्य अवस्थामा फर्काउँदै अस्थायी सिकाइ केन्द्रमार्फत शिक्षामा जोड्ने तयारी भइरहेको छ ।

विद्यालयको वास्तविक क्षति र आवश्यकताको विवरण संकलन गर्न मन्त्रालयले स्थलगत द्रुत सर्वेक्षण टोली प्रभावित क्षेत्रमा परिचालन गरेको छ । करिब ८ देखि १० दिनमा प्रारम्भिक सर्वेक्षण पूरा गरी विद्यालयलाई तत्काल सञ्चालनयोग्य, पुनर्निर्माण आवश्यक र तत्काल सञ्चालन गर्न नसकिने गरी वर्गीकरण गरिने मन्त्रालयले जनाएको छ ।

जानकारी

# घाँटी पड्काउनु कति खतरा ?

दमक/ घाँटीको पड्काउने बानी धेरैको हुन्छ । तर यो कहिलेकाहीँ खतरा सावित हुन्छ । औंला पड्काउनु समस्या नभए तापनि, ढाड र घाँटी पड्काउने सन्दर्भमा भने यो कुरा लागु हुँदैन । घाँटीमा मेरुदण्डसहित महत्वपूर्ण स्नायुहरु हुन्छन् । जगन्नाथन थप्छन्, 'यसबाहेक, तपाईंको घाँटीको पछाडिको भाग हुँदै दिमागसम्म जाने दुईवटा अति महत्वपूर्ण धमनीहरु हुन्छन्।' यी भागहरु निकै संवेदनशील हुन्छन् ।

यिनीहरूलाई जथाभाबी चलाउँदा गम्भीर चोटपटक लाग्न सक्छ र हातखुट्टा झमझमाउने वा रिँगटा लाग्ने जस्ता समस्या देखिन सक्छन् । जगन्नाथन भन्छन्, 'कुनै पनि प्रकारको अत्यधिक बल प्रयोग गर्नु खतरनाक हुन्छ ।'

आफैँले आफ्नो घाँटी पड्काउनु उचित मानिँदैन। यहाँसम्म कि विशेषज्ञहरूले गर्ने हाडजोर्नीको उपचारसमेत विवादित छ । सन् २०१२ मा, ब्रुनेल विश्वविद्यालयको अनुसन्धान तथा पुनर्स्थापना केन्द्रका निल ओ'कोनेल र उनका सहकर्मीहरुले काइरोप्राक्टिक विधिबाट घाँटी पड्काउने कार्यलाई 'अनावश्यक र सल्लाह दिन नमिल्ने' भनी व्याख्या गरेका थिए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# भारतीय फरेन्सिक विशेषज्ञ नेपालमा

विराटनगर । रसुवाको भोटेकोशी बाढीमा ज्यान गुमाएका तथा पहिचान खुल्न नसकेका व्यक्तिको डीएनए परीक्षणमा सहयोग गर्न भारतबाट फरेन्सिक विशेषज्ञहरूको टोली नेपाल आइपुगेको छ ।

परराष्ट्र सचिव अमृतबहादुर राईका अनुसार विशेषज्ञ सम्मिलित १८ जनाको टोली नेपाल आएको हो । टोलीले शवको वैज्ञानिक परीक्षण तथा पहिचान प्रक्रियामा नेपाली निकायलाई प्राविधिक सहयोग गर्नेछ । बाढीमा ज्यान गुमाएकाहरूको शव प्राप्त हुने क्रम जारी रहेकाले पहिचान र व्यवस्थापनलाई व्यवस्थित बनाउन फरेन्सिक जनशक्ति तथा आवश्यक सामग्री परिचालन गरिएको हो ।

सचिव राईले शव सुरक्षित रूपमा राख्न हावा नछिर्ने 'एयरटाइट' शव थैली प्राप्त भइसकेको र थप थैली आपूर्तिको क्रममा रहेको जानकारी दिए ।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीबाट ज्यान गुमाएका व्यक्तिको खोजी, शव संकलन तथा पहिचानको काम सम्बन्धित निकायले निरन्तर अघि बढाइरहेका छन् ।




ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



पुस्तक-साभार

सुवर्ण शमशेर

## निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

### क्रान्तिको नेतृत्व

क्रमागत.....क्रान्तिको तयारीको लागि बी.पी. र सुवर्णको जोडीको आन्तरिक सक्रियता अत्यन्त द्रुततर गतिमा अघि बढ्न थाल्यो । आवश्यक लडाकु युवाहरु सम्पर्कमा आए पछि र तत्कालको लागि सुवर्ण र महावीर शमशेरले आफ्नै खजानाबाट समेत रकम दिने भए पछि हातहतियार जुटाउने काम शुरु भएको थियो । भारतका विभिन्न ठाउँबाट गोप्य रूपमा केही हतियारहरु जम्मा भइरहेका थिए तर एउटा देशको सिङ्गो सैनिक शक्तिसँग लड्न थोरै र कमशल हतियारले मात्र संभव थिएन । त्यसैले भर्खरै बर्मामा गठन भएको नयाँ सरकारमा सामेल रहेको बर्मिज समाजवादी पार्टीका नेताहरूसँग बी.पी. को घनिष्ट सम्बन्ध रहेकाले उहाँकै आग्रहमा वर्माका समाजवादी पार्टीका अध्यक्ष एवं प्रतिरक्षामन्त्री उवास्त्रेले नेपाली क्रान्तिका लागि हतियार दिन तयार भए । यसबाट क्रान्तिकारीहरूको मनोवल अत्यन्त उच्च भएको थियो । यता काश्मीरका मुख्यमन्त्री शेख अब्दुल्लाह पनि आवश्यक हतियार दिन तयार भए ।

प्राप्त आश्वासनका आधारमा बर्माबाट हातहतियार ल्याउनु थियो अत्यन्त गोप्य रूपमा । भारत सरकारको औपचारिक जानकारीमा नआउने गरी भूमिगत रूपमा हतियार बर्माबाट भारतमा उतार्नु थियो । त्यसका लागि जिम्मेदार युवाहरूको खाँचो थियो जसले बर्मामा गएर हतियार ल्याउनु पर्थ्यो । यसको लागि बी.पी, सुवर्ण, थिरबम मल्ल, पूर्णसिंह खवास र भोला चटर्जी बीच गम्भीर विमर्श पछि थिरबम मल्ल र भोला चटर्जी बर्मा गए । सन् १९५० नोभेम्वर ३ (२००७ कार्तिक १८) का दिन भारतको पटनाको मेहता हवाइ मैदानमा पहिलोपल्ट बर्माबाट हतियार ल्याइयो । र यी हतियारहरु रातारात नेपालका विभिन्न स्थानहरूमा पुऱ्याइयो । हतियार आउने सुनिश्चित भइसके पछि ती हतियारलाई भारतमै भण्डारण गरेर राख्नु खतरनाक थियो । हातहतियार सम्बन्धी भारतीय कानुनको प्रयोग गरी सबै नेताहरु थुनिने र आन्दोलन तुहुने सम्भावना थियो, यो कुरा भारतीय शुभचिन्तकहरूले बताएकै थिएँ । त्यसो त बर्मादेखि हवाइजहाजमा हतियार ल्याएर आफ्नो देशमा उतारेको कुरा भारत सरकारले थाहा नपाउने कुरै कसरी हुन्थ्यो र ?

हतियारको व्यवस्थापन सँगसँगै क्रान्तिमा राजा त्रिभुवनको सक्रिय सहयोगको आवश्यकता थियो र त्यसका लागि राजालाई तयार गर्न गणेशमान सिंह काठमाडौं जानु भएको थियो। राजा र कांग्रेसका बीचको गोप्य सल्लाहअनुसार राजाले दरबार त्यागेर राणाहरूलाई अफठ्यारोमा पार्नु थियो । यो कुराका लागि राजा तयार भए पनि उनलाई दरबारबाट भगाएर कहाँ लाने भन्ने कुराको टुङ्गो हुन सकेको थिएन । त्यस बेलाको नेपालको यातायात तथा अन्य कठिनाइहरूका कारण विदेश पुऱ्याउनु पनि सजिलो थिएन । त्यसैले देशको कुनै एउटा ठाउँलाई मुक्तिक्षेत्र घोषणा गर्ने अवस्था पनि नभएकाले क्रान्तिलाई विशेष ठाउँबाट शुरु नगरी एकैचोटी देशव्यापी रूपमा थाल्ने योजना बनाइयो । क्रमशः.....

स्वास्थ्य

# १४ दिनपछि खुले विराटनगरका सात आँखा अस्पताल



विराटनगर । मापदण्ड पूरा नभएको भन्दै जिल्ला प्रशासन कार्यालय मोरङको नेतृत्वमा शिलबन्दी गरिएका विराटनगरका सातवटा आँखा अस्पताल १४ दिनपछि पुनः सञ्चालनमा आएका छन् । कोशी प्रदेश सरकारबाट सञ्चालन अनुमति पाएका अस्पताललाई संघीय सरकारको निर्देशन भन्दै प्रशासनले शिलबन्दी गरेपछि सुरू भएको अधिकार क्षेत्रको विवादबीच मंगलबार प्रशासनकै नेतृत्वमा शिलबन्दी खोलिएको हो ।

मोरङ प्रशासनले गत साउन २७ र २८ गते विराटनगरका सञ्जीवनी आई केयर, हिमाल आँखा अस्पताल, विराट आँखा अस्पतालको प्रयोगशाला, इफराह आँखा अस्पताल, विराट रानी आँखा अस्पताल, अखण्ड ज्योति आँखा अस्पताल र नेपाल आँखा अस्पतालमा शिलबन्दी गरेको थियो । मंगलबार प्रशासनका प्रशासकीय अधिकृत इन्जिनियर कोविद ढकालको नेतृत्वमा पुगेको टोलीले ती अस्पतालमा लगाइएको शिलबन्दी हटाएको हो ।

शिलबन्दी खोल्नुअघि कोशी प्रदेश स्वास्थ्य मन्त्रालयले उपसचिव निर्मल भट्टराईको नेतृत्वमा अध्ययन समिति गठन गरेको थियो । समितिको प्रतिवेदनका आधारमा विद्यमान ऐन(नियमअनुसार मापदण्ड पूरा गर्ने सर्तमा अस्पताल सञ्चालन गर्न दिने निर्णय भएको स्वास्थ्य मन्त्रालयका सचिव डा. कीर्तिपाल सुवेदीले बताए । उनका अनुसार मन्त्रालयले आँखा अस्पतालका लागि छुट्टै कार्यविधि तयार गरिरहेको छ । कार्यविधि नबनेसम्म स्वास्थ्य निर्देशनालयबाट स्वीकृत व्यवस्थाअनुसार अस्पताल सञ्चालन गर्ने सहमति भएको छ ।

प्रदेश सरकारसँग समन्वय नगरी प्रशासनले अस्पतालमा शिलबन्दी गरेको विषय प्रदेशसभामा समेत उठेको थियो । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सरकारसँग समन्वय नगरी स्वास्थ्य संस्थामा ताला लगाइनु गम्भीर विषय भएको बताएका थिए ।

प्रशासनले स्वास्थ्य संस्था सञ्चालन तथा स्तरोन्नति मापदण्ड निर्देशिका, २०७० अनुसार विशेषज्ञ सेवाका लागि आवश्यक मापदण्ड पूरा नभएको दाबी गरेको थियो । तर नेपाल अथाल्मिक सोसाइटी, चिकित्सक संघ, अफिनलगायत संस्थाले प्रशासनलाई सिधै स्वास्थ्य संस्था बन्द गर्ने अधिकार नभएको भन्दै विरोध जनाएका थिए ।

विशेषगरी आकस्मिक तथा अत्यावश्यक उपचार सेवा प्रभावित हुँदा बिरामीको उपचार पाउने अधिकारसमेत कुण्ठित भएको उनीहरूको भनाइ थियो । अस्पताल सञ्चालकहरूले कमजोरी भए सुधारका लागि पर्याप्त समय दिनुपर्ने माग गरेका छन् ।

अब प्रदेश र संघीय सरकारबीच स्वास्थ्य संस्था नियमनको अधिकारबारे स्पष्ट समन्वय र कानुनी व्यवस्था आवश्यक देखिएको छ । मापदण्ड पालना गराउनु जरूरी भए पनि त्यसको नाममा बिरामीको उपचार सेवा अवरूद्ध हुने अवस्था सिर्जना हुनुहुँदैन ।




आज मिति
२०८३ साल
भदौ १६ गते
सोमबार
1 Sept. 2026
तिथि: चतुर्थी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | कामममा उत्साह बढ्नेछ । आर्थिक लाभको अवसर मिल्नेछ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | नयाँ काममा सफलता मिल्नेछ । परिवारबाट राम्रो साथ पाइनेछ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | रोकिएका काम अघि बढ्नेछन् । मित्रबाट सहयोग प्राप्त हुनेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | खर्च बढ्न सक्छ, सचेत रहनुहोस् । स्वास्थ्यमा सामान्य सुधार आउनेछ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | नयाँ अवसरले उत्साहित बनाउनेछ । व्यवसायमा राम्रो प्रगति हुनेछ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मेहनतअनुसार परिणाम प्राप्त हुनेछ । आर्थिक पक्ष बलियो बन्नेछ । |
| तुला | रा री रु रे रो ता ती तु ते | महत्वपूर्ण निर्णय लिनुपर्नेछ । प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | काममा नयाँ जिम्मेवारी पाइनेछ । सहकर्मीबाट सहयोग मिल्नेछ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | यात्राको अवसर जुर्न सक्छ । नयाँ सम्बन्ध लाभदायी बन्नेछ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका स्रोत बढ्नेछन् । परिवारमा खुसी छाउनेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | नयाँ योजना सफल बन्नेछ । आत्मविश्वास अझ बढ्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | अवसरको सही सदुपयोग गर्नुहोस् । मनमा उत्साह र शान्ति रहनेछ । |

# झण्डै दुई महिनापछि मेची राजमार्गमा यातायात सेवा सञ्चालनमा

**इलाम/** गत असार २३ गतेको वर्षापछि गएको पहिरोका कारण अवरूद्ध मेची राजमार्गमा आइतवारदेखि यातायात सेवा सञ्चालनमा आएको छ । सो राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडकखण्ड मर्मतपश्चात् आइतवार बिहानदेखि साना सवारी सञ्चालनमा लागि खुला गरिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले जानकारी दिए । सडक डिभिजन इलामको झण्डै दुई महिनादेखिको लगातारको प्रयासपछि साना यात्रुवाहक सवारीसाधनका लागि सडकमा यातायात सेवा पुनः खुलाउन सफल भएको प्रजिअ ढकाले बताए ।

माथिबाट खसेको पहिरो पन्छाउनुका साथै खोलाको क्षेत्रबाट टेवा पर्खाल निर्माण गरिएपछि तत्कालका लागि साना सवारीका लागि सडक खुला गरिएको सडक डिभिजन इलामका कार्यालय प्रमुख इन्जिनियर पवन भट्टराईले जानकारी दिए ।

"लामो समयको निर्माण/पुनःस्थापना कार्यपछि मेची राजमार्ग आज बिहानदेखि साना सवारीसाधनका लागि सुचारू गरिएको छ", उनले भने, "निर्माण कार्य अहिले पनि चालु नै रहेको एवं नाली निर्माण, टेवा पर्खाल निर्माणलगायतका धेरै काम बाँकी नै रहेकाले ठूला र मालबाहक सवारीसाधन सम्पन्न भएपछि मात्र सुचारू गरिनेछ ।"

उनले हाललाई ठूला र मालबाहक गाडीहरू वैकल्पिक सडक तिल्केनी-सिमलगोलाई र मेची करिडोर (केचना-कञ्चनजंघा सडक) प्रयोग गर्न आग्रह गरिएको बताए । राजमार्ग सञ्चालन भएपछि इलामसहित, पाँचथर र ताप्लेजुङबाट झापा जान र झापाबाट इलामसहित पाँचथर र ताप्लेजुङ आउन यात्रु र सवारीहरूलाई सहज भएको छ । सडक अवरूद्ध हुँदा इलामसहित पाँचथर र ताप्लेजुङबाट झापातर्फ गएका सवारीसाधन पहिरोमाथि माइखोला वारिसम्म र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङतर्फ आएका सवारीसाधन माइखोला पारीसम्म आउने/जाने गरेका थिए ।

मेची राजमार्ग अवरूद्ध भएपछि वैकल्पिक मार्गको रूपमा तिल्केनी-सिमलगोलाई सडकखण्डअन्तर्गत माइजोगमाई गाउँपालिका-४ नामसालिङ र इलाम नगरपालिका-१० गोदक जोड्ने जोगमाई खोलामा अस्थायी डाइभर्सन निर्माण गरी सञ्चालन गरेको थियो । यस्तै मेची कोरिडोर (केचना-कञ्चनजंघा सडक)अन्तर्गत इलाम नगरपालिका-९ र ११ जोड्ने पुवाखोलामा समेत अस्थायी डाइभर्सन निर्माण गरी साना सवरी सञ्चालन गरिएको थियो ।

घाम लागेका बेला अस्थायी डाइभर्सन निर्माण गरी दुवै सडक सुचारू गर्ने गरिएपनि वर्षा हुनसाथ बाढीले डाइभर्सन बगाउने समस्याले इलामबाट झापा झर्ने कुनै वैकल्पिक सडक नभएकाले व्यवसायी र यात्रुले सास्ती खेप्नुपरेको थियो ।

गत असोज १८ गतेको वर्षासँगैको पहिरोले अवरूद्ध भएको सो सडक १४ दिनपछि सुचारू भएको थियो । सो सडक यसपटक सबैभन्दा धेरै समय अवरूद्ध भएको हो ।

# विपत्तिमा सफारी चालक राईको सहयोग



**दमक/** सिटी सफारी चालक दमक-५ निवासी प्रमोद राईले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा राहत पुरयाँउन सोमबार सफारीबाट आर्जन गरेको रकम विपद कोषमा पठाउने भएका छन् । विपत्तिको बेला विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेको बेला आफूले आफनो गच्छे अनुसार सिटी सफारीबाट एक दिनमा कमाएको सम्पूर्ण रकम प्रधानमन्त्री विपद् कोषमा जम्मा गर्ने उनले बताएका छन् ।

# माङसेबुङमा राई समुदायको 'मुन्दुम पाठशाला'

**इलाम/** इलामको माङसेबुङ गाउँपालिकामा 'मुन्दुम पाठशाला' सञ्चालन हुने भएको छ ।

किरात राई समुदायको सभ्यता, संस्कृति, भाषा र मुन्दुमको संरक्षण तथा पुस्तान्तरण गर्ने उद्देश्यले पाठशाला सञ्चालन गर्न लागिएको गाउँपालिकाका अध्यक्ष हेमन्त राईले जानकारी दिए। पाठशाला सञ्चालनका लागि चालु आर्थिक वर्ष २०८३/८४ मा रू १५ लाख विनियोजन गरिएको उनले बताए ।

पाठशाला सञ्चालनपछि किरात राई समुदायको मौलिक ज्ञान, दर्शन, संस्कार र परम्परालाई व्यवस्थित रूपमा नयाँ पुस्तासम्म हस्तान्तरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यसअघि किरात लिम्बू समुदायको सभ्यता, संस्कृति, भाषा र मुन्धुमको संरक्षण तथा पुस्तान्तरण गर्ने उद्देश्यले 'किरात साम्जिक मुन्धुम युक्सिङ निसामहिम (पाठशाला)' सञ्चालन हुँदै आएको छ । मुन्धुमलाई किरात समुदायको मौखिक धार्मिक-सांस्कृतिक ज्ञान, दर्शन र परम्पराको मूल आधार मानिन्छ । लिम्बू समुदायले यसलाई 'मुन्धुम' र राई समुदायले 'मुन्दुम' भन्ने गर्छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार १६ हजार ८१० जनसत्या रहेको माङसेबुङमा ४२.८३ प्रतिशत लिम्बू र ३३.६ प्रतिशत राई समुदायको बसोबास छ । भाषागत आधारमा ४१.६७ प्रतिशत लिम्बू र २३.५९ प्रतिशत वान्तवा मातृभाषा बोल्ने समुदाय छ ।

***प्रेस.....*** निर्वाचित भएका छन् । यसैगरि, उपाध्यक्षमा हरिप्रसाद अधिकारी र बालकुमारी पौडेल ( प्रतिभा), सचिवमा मनिष बस्नेत, सहसचिवमा कृष्ण पाठक र कोषाध्यक्षमा बेदमाया मुखिया ( सोनु) निर्वाचित भएका छन् । यस्तै, सदस्यहरुमा विकास न्यौपाने, शिव थापा, रोशन बुढाथोकी, दुर्गा ढुङ्गेल र सुनिता मगर निर्वाचित भएका छन् । अधिवेशनको उद्घाटन प्रेस युनियनका महासचिव दिलीप पौडेलले गरेका थिए । उद्घाटनको अवसरमा तीनजना पत्रकारलाई सम्मान गरिएको छ ।

उद्घाटनको अवसरमा युवराज गौतम, सुदिव श्रेष्ठ र लोकेन थेवेलाई सम्मान गरिएको प्रेस युनियन इलामका निवर्तमान सचिव प्रकाश नेपालले जानकारी दिए ।

***कारको....*** बतासी अधिकारी बाइपास रोड केलाबारीमा तिव्र गतिमा हुँइकिदै आइरहेको आर्टिका कारले अफसाइटमा आएर मोटरसाइकललाई ठक्कर दिएको थियो । दुर्घटनामा परी भान्जा बिजयको घटनास्थलमै मृत्यु भएको थियो भने मामा अशोक गंभीर घाइते भएका थिए । अस्पताल पुर्याइएका अशोकको पनि उपचारका क्रममा मृत्यु भएको हो ।

***न्युनिकरण.......*** छोड्न नसक्दा लागुऔषध किन्न देह ब्यापार गर्दै गरेको सुनाइन्, यसले मुलुकको चित्र देखाएको छ ।' उनले भनिन् यस्ता कयौं घटना छन्, लागुऔषध नियन्त्रण गर्न समुदाय र परिवार नै सचेत हुन जरुरी छ ।

कार्यक्रममा उपशिथत शिक्षकहरुले विद्यालय प्रशासन र अभिभावकविच लागुऔषधका कारण दुरी बढ्दै गएको गुनासो गरेका छन् । अधिकांश शिक्षकहरुले संघीय सरकारले स्पष्ट योजना नदिँदा अनुशासनमा विद्यार्थीलाई बन्देज गर्न नसकिएको यथार्थ उजागर गरेका छन् । एक शिक्षकले भने- 'हामी विद्यार्थीलाई कपाल काटेर आउ भन्छौं, उनीहरु कपालले पढ्ने हो कि मैले भनेर जवाफ दिन्छन्,' उनले गुनासो पोखे । विद्यालयमा मोवाइल प्रयोग नगर्ने नियम थियो, विद्यार्थीले लिएर पढाएको समयमा गेम खेलिरहेको थियो, मैले मोवाइल खोसेँ, अभिभावक सहित आएर छोराले मर्छु भन्यो बरु मोवाइल दिनु भने, स्पष्ट नीति नहुँदा विद्यालय प्रशासन पनि लाचार बन्नु परेको तीतो यथार्थ उनले सुनाए ।

यस्तै अर्का शिक्षकले बाल अधिकारका नाममा बाहिरका विद्यार्थीहरु आएर शिक्षकलाई नै हप्काएर माफि मगाउँदा नजर ढल्यो, आँशु बग्यो तर विद्यार्थीले गाली गर्न नछाडेको तीतो यथार्थ सुनाए । यो सुनिरहँदा हलमा उपशिथत शिक्षकहरुले शिक्षकप्रति सहानुभुतिले मुण्टो हल्लाइरहेका थिए । हलमा उपशिथत अधिकांश क्षिक्षकहरुले स्पष्ट शिक्षा नीतिको खाँचो रहेको र यसप्रति सरकार उदासिन देखिएको बताएका छन् ।

कार्यक्रममा सञ्चारकर्मी र शिक्षकहरुले प्रत्येक घरघरमा अभिभावकले आफ्ना छोराछोरीको निगरानी बढाउँनु र गलत संगतबाट जोगाउन सजक रहनु नै लागुऔषध नियन्त्रणको एकमात्रै विकल्प भएकोले अभिभावकमैत्री कार्यक्रम ल्याउन सुझाव दिएका छन् । अब, जिल्लाका सबै विद्यालयहरुमा सचेतनामूलक पोष्टर टाँसिने अभियान अन्तरगत दमकका विद्यालयहरुमा पनि पोष्टर टाँसिने छ । सामाजिक सञ्जालमार्फत निरन्तर सन्देश प्रवाह गरिने छ । त्यसैगरी जिल्ला प्रहरी कार्यालयले विभिन्न फुटबल क्लवहरु मार्फत समेत सूचना आदान प्रदान गर्ने योजना बनाएको छ । प्रहरी प्रमुख खड्काका अनुसार प्रहरी र स्थानीय युवाहरुबीच मैत्रीपुर्ण खेलकुदमार्फत सामिप्यता बढाउने र सूचना आदान प्रदान गर्ने कार्यक्रमलाई तिव्रता दिइने छ । अहिले जिल्लाका १५ वटै पालिकामा यो कार्यक्रम सञ्चालनमा रहेको जनाइएको छ । कार्यक्रममा लागुऔंषधसम्बन्धी १७ मिनेट लामो बृत्तचित्र प्रश्तुत गरिएको थियो । कार्यक्रमको सहजिकरण अधिकृत केशवप्रसाद प्रसाईंले गरेका थिए भने कार्यक्रममा प्रहरी नायब उपरिक्षक हरिबहादुर बस्नेत, प्रहरी निरिक्षक प्रमोद खड्का, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला लगायतको उपशिथति थियो ।

## पथरी शनिश्चरे साझेदारी वन उपभोक्ता समूह कार्यान्वयन ईकाइको कार्यालय, उर्लाबारी-३, मोरङको

## लेखा परीक्षण प्रयोजनका लागि फर्म दर्ता गराउने सम्बन्धी ७ दिने सूचना

*प्रकाशन मिति: २०८३/०५/१६*

यस साझेदारी वन उपभोक्ता समूहको आ.व. २०८२/०८३ को लेखा परीक्षण गर्नु पर्ने भएकाले लेखा परीक्षण इजाजत प्राप्त रजिष्टर्ड फर्म/कम्पनीले आजका मितिले ७ (सात) दिन भित्र रितपूर्वक आफ्नो अनुभब खुल्ने कागजात सहित यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन अनुरोध छ । विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**सम्पर्क** : ९८५२०२२८३५ / ९८५२०३२६२३
*नोटः छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयसँग सुरक्षित रहनेछ ।*


## मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

*खुलेर कुरा गरौंः मानसिक स्वास्थ्यको संरक्षण गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-५, मोरङको

# ऋण नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३।०५।१६ गते पूर्वसन्देश दैनिक**

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले व्यापारीक प्रयोजनको लागि ऋण लिदाँको बखतमा तोकिएको भुक्तानि तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरि नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी शर्त बन्देज उल्लगन गर्नु भएकोले संस्थाले पटक पटक मौखिक, लिखित, फोन सर्म्पक तथा प्रत्यक्ष भेटेर सुचना गरी तरतागेता गर्दा समेत आलटाल गरी शर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने सँवा र ब्याज नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले **१५** दिन भित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको साँवा र ब्याज एकमुष्ठ चुत्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्यहरुमा यो सुचना जारी गरिन्छ। उल्लेखित मिति भित्र ऋणको सम्पूर्ण साँवा र ब्याज चुत्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी तथा असुलि कार्यविधि एवम प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्यहरुको धितोमा रहेको चल अचल सम्पती जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य ब्यबस्था गरी संस्थाको लिने रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्य र जमानत दिने व्यक्तिहरु समेतलाई यसै सुचनाद्धारा अवगत गराउदै कर्जा भुक्तानी गर्नु/गराउनु सुचित गरिएको छ।असुल उपर कारवाहीको शिलशिलामा उत्त कार्यविधि अनुसार भएका सम्पूर्ण खर्च समेत ऋणी सदस्यबाट नै असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराइन्छ। यस संस्थाबाट संस्थाको सम्पूर्ण लिने रकम असुल नभएमा ऋणी सदस्यहरुको घर घरानाको चल अचल सम्पतीबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

### तपशिल

**ऋणीको तीन पुस्ते विवरण**
१. नाम : वेदप्रसाद शिवाकोटी
ठेगाना : उर्लाबारी-७, मोरङ
बाबुको नाम : भानुभक्त शिवाकोटी
हजुरबुवाः पदलाल शिवाकोटी
नागरिकता नम्बर : २३११११९१६
जारी मिति : २०४६।०२।०३, मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**
नाम : मनमाया शिवाकोटी
ठेगाना : उर्लाबारी-७, मोरङ
बुवाको नाम : ओमनाथ प्रसाई
पतिः वेदप्रसाद शिवोकाटी
नागरिकता नम्बर : ०५/६७०
जारी मिति : २०६२।०७।२७, झापा

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ट | २४६१ | ५४६.०६ | गंगा देवी शिवाकोटी |

**ऋणीको तीन पुस्ते विवरण**
२. नाम : प्रकाश कार्की
ठेगाना : उर्लाबारी-६, मोरङ
बाबुको नाम : जगत ब. कार्की
हजुरबुवाः धनपति कार्की
नागरिकता नम्बर : १५४३३
जारी मिति : २०५६।०२।१४, मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**
नाम : बन्दना केसी
ठेगाना : उर्लाबारी-६, मोरङ
पतिः प्रकाश कार्की
ससुरा बुवाः जगतबहादुर कार्की

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ग | १६०५ | ३३८.५८ | खगेन्द्र कार्की |
| मधुमल्ला | ५ | ५ङ | १८५४ | १६९.२९ | खगेन्द्र कार्की |

**ऋणीको तीन पुस्ते विवरण**
३. नाम : अग्नि दाहाल
ठेगाना : मिक्लाजुङ-७, मोरङ
बाबुको नाम : कृष्ण दाहाल
हजुरबुवाः चन्द्रलाल दाहाल
नागरिकता नम्बर : ४२३६३८/७२८
जारी मिति : २०६२।०४।२६, तेह्रथुम

**जमानीको तीन पुस्ते विवरण**
नाम : लक्ष्मी कुमारी पोखरेल
ठेगाना : मिक्लाजुङ-७, मोरङ
बुवाको नाम : गंगाप्रसाद पोखरेल
हजुबुवाः वेदनाथ पोखरेल
नागरिकता नम्बर : ०६-०१-७३-००८७९
जारी मिति : २०७३।०१।२८, सुनसरी

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ग | २५८७ | २५३.९८ | अग्नि दाहाल |
| मधुमल्ला | ५ | ५ग | २७४१ | ८४.६६ | अग्नि दाहाल |

**ऋणीको तीन पुस्ते विवरण**
४. नाम : बालकृष्ण कार्की
ठेगाना : उर्लाबारी-५, मोरङ
बाबुको नाम : डिकबहादुर कार्की
हजुरबुवाः लीलाधर कार्की
नागरिकता नम्बर : १३४६/३०७०
जारी मिति : २०४३।१०।२४, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : गणेश कुमार ढकाल
ठेगाना : उर्लाबारी-१, मोरङ
बुवाको नाम : खडानन्द ढकाल
हजुरबुवाः डिल्लीराम ढकाल
ना.प्र.प.नं. : ०५-०२-७६-०३४३०
जारी मिति : २०७६।०६।०२, मोरङ

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ३ | ३च | ७६ | ४७८३.२८ | गणेश कुमार ढकाल |
| मधुमल्ला | ३ | ३च | ५१२ | ७७८.७४ | गणेश कुमार ढकाल |

**ऋणीको तीन पुस्ते विवरण**
५. नाम : अम्बिका थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : लोकमोहन थापा
हजुरबुवाः डम्बर बहादुर थापा
नागरिकता नम्बर : २३११११५७४४
जारी मिति : २०४४।१२।१९, झापा

**जमानीको तीन पुस्ते विवरण**
नाम : अस्मिता थापा
ठेगाना : दमक-७,झापा
बुवाको नाम : नरपति शिवाकोटी
पति : अबिन थापा
नागरिकता नम्बर : १८५५३
जारी मिति : २०६०।०८।१२, झापा

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| दमक | ६ | ६ | ८३६१ | २२०.०८ | अम्बिका थापा |

**ऋणीको तीन पुस्ते विवरण**
६. नाम : अस्मिता थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : नरपति शिवाकोटी
पति : अबिन थापा
नागरिकता नम्बर : १८५५३
जारी मिति : २०६०।०८।१२, झापा

**जमानीको तीन पुस्ते विवरण**
५. नाम : अम्बिका थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : लोकमोहन थापा
हजुरबुवाः डम्बर बहादुर थापा
नागरिकता नम्बर : २३११११५७४४
जारी मिति : २०४४।१२।१९, झापा

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| दमक | १२ | १२ | १५५ | १६९.२९ | नविन थापा |

**ऋणीको तीन पुस्ते विवरण**
७. नाम : सिता गुरुङ
ठेगाना : उर्लाबारी-९, मोरङ
बाबुको नाम : खड्ग ब. गुरुङ
पति : हेमराज गुरुङ
नागरिकता नम्बर : १८१४३/२२८
जारी मिति : २०६१।०८।११, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : हेमराज गुरुङ
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : धनबहादुर गुरुङ
हजुरबुवा : डिल्लीराम गुरुङ
नागरिकता नम्बर : ८२१
जारी मिति : २०५७।१०।०६, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : अशोक धिमाल
ठेगाना : उर्लाबारी-७,मोरङ
बुवाको नाम : अमर ब. धिमाल
हजुरबुवा : चौकीलाल धिमाल
नागरिकता नम्बर : १४८७१
जारी मिति : २०६०।०९।०२, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : केदार खनाल
ठेगाना : उर्लाबारी-८, मोरङ
बुवाको नाम : पुरुषोत्तम खनाल
हजुरबुवा : उदय नारायण खनाल
नागरिकता नम्बर : ५८२३-३४४
जारी मिति : २०३२।१०।२६, मोरङ

**जमानीको तीन पुस्ते विवरण**
नाम : इन्द्र सुब्बा
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : प्रेमप्रसाद सुब्बा
हजुरबुवा : मित्रलाल सुब्बा

**जमानीको तीन पुस्ते विवरण**
नाम : अग्नि प्रसाद नेपाल
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

**जमानीको तीन पुस्ते विवरण**
नाम : श्याम प्रसाद नेपाल
ठेगाना : उर्लाबारी-९, मोरङ
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

**जमानीको तीन पुस्ते विवरण**
नाम : नेत्र प्रसाद नेपाल
ठेगाना : दमक-९, झापा
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| राजघाट | ७ | ७च | ३०५ | २३७०.०८ | हर्कमाया गुरुङ |
| राजघाट (बेलबारी) | ८ | ८च | २१९ | ४०६३ | सिता गुरुङ |

**सूदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-५, मोरङ (सर्म्पक नं. ०२१-५४३०१४)

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत
**कार्यालयः** दमक-५, झापा, फोनः ०२३-५७०२७२, **मुद्रणः** ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com